# महिलाआन्दोलन र नेपालको कानुनमा महिलाअधिकार

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय
डिनको कार्यालय, कीर्तिपुरमा राजनीतिशास्त्र
विषयमा विद्यावारिधि उपाधिका
लागि प्रस्तुत

## शोधप्रबन्ध

शोधार्थी
**सुषमा बाँस्कोटा बराल**
द.नं. १३/माघ २०६५
पौष, २०७४

# शोधप्रबन्धको सिफारिस पत्र

"महिलाआन्दोलन र नेपालको कानुनमा महिलाअधिकार" शीर्षकको प्रस्तुत शोधप्रबन्ध सुषमा बाँस्कोटा बरालले हाम्रो निर्देशनमा तयार पार्नु भएको हो । विश्वका विभिन्न मुलुक र नेपालमा पनि भएको महिलाआन्दोलन र यसको परिणामस्वरूप नेपाली महिलाहरूले पाएका कानुनी अधिकारका बारेमा अत्यन्त परिश्रमपूर्वक तयार पारिएको प्रस्तुत शोधप्रबन्धदेखि हामी सन्तुष्ट छौँ । यसैले उहाँलाई राजनीतिशास्त्र विषयअन्तर्गत विद्यावारिधि उपाधि प्रदान गर्नका लागि उपयुक्त देखिएको हुँदा यसको मूल्याङ्कनका लागि त्रि.वि. मानविकी तथा सामाजिकशास्त्र सङ्काय, डिन कार्यालयको अनुसन्धान समितिसमक्ष सिफारिस गर्दछौँ ।

**सिफारिस प्रदान गर्ने शोधप्रबन्ध समिति**

. . . . . . . . . . . . . . . .. .
प्रा.डा. मीना वैद्य मल्ल
शोधनिर्देशक

. . . . . . . . . . . . . . . . .. . . . . .
प्रा.डा. शशीकुमारी अधिकारी राउत
शोधविशेषज्ञ

# प्रतिबद्धतापत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा समाजिक शास्त्र सङ्काय, डिनको कार्यालयमा विद्यावारिधि उपाधिका निम्ति प्रस्तुत "महिला आन्दोलन र नेपालको कानुनमा महिलाअधिकार" शीर्षकको शोधप्रबन्ध मैले मेरा शोधनिर्देशकको निर्देशनमा रही सम्पन्न गरेको मौलिक कार्य हो । मैले यस शोधप्रबन्धको लेखनका क्रममा विभिन्न स्रोतबाट सामग्री सङ्कलन गरी तिनको उपयोग गरेको छु । शोधप्रबन्धमा उपयोग गरिएका सामग्रीका लेखकप्रति म कृतज्ञता ज्ञापन गर्दछु र सामग्री उपलब्ध गराउने संस्थाप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । यस शोधप्रबन्धमा प्रस्तुत निष्कर्षलाई मैले यसअघि कहीँ पनि कुनै उपाधि वा अन्य प्रयोजनका निम्ति प्रस्तुत गरेको छैन । साथै यस शोधप्रबन्धको कुनै एकाइ वा अंशलाई पुस्तक वा पुस्तकको अंशका रूपमा प्रकाशित गराएको छैन । मैलै प्रस्तुत गरेका यी प्रतिबद्धता विरुद्ध कुनै प्रमाण भेटिए म त्यसप्रति पूर्णतः जिम्मेबार हुनेछु ।

**सुषमा बाँस्कोटा बराल**
(शोधार्थी)
द.नं. १३/माघ २०६५
पौष, २०७४

# कृतज्ञता–ज्ञापन

प्रस्तुत शोधप्रबन्ध मैले समादरणीय गुरु प्रा.डा. मीना वैद्य मल्लको कुशल निर्देशनमा तयार पारेकी हुँ । आफ्ना विविध व्यावहारिक कठिनाइका बीचमा पनि अमूल्य समय निकाली अत्यन्तै सौहार्द्रपूर्ण वातावरणमा गहन प्राज्ञिक सरसल्लाह प्रदान गर्दै शोधकार्यमा समुचित निर्देशन गर्नुहुने शोधनिर्देशक श्रद्धेय गुरुप्रति सर्वप्रथम म हार्दिक कृतज्ञता-ज्ञापन गर्दछु ।

शोधप्रबन्धको लेखनका क्रममा विषयवस्तुको प्रस्तुतिका साथै शोधविधिका क्षेत्रमा पनि विविध किसिमले सहयोग गर्नु हुने मेरा शोधविशेषज्ञ प्रा.डा. शशीकुमारी अधिकारी राउतज्यूप्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत शोधप्रबन्धको शीर्षकचयन र विषयछनोटका सन्दर्भमा अविस्मरणीय सहयोग पुऱ्याउने प्रा.डा. रामकुमार दाहालज्यूप्रति पनि म कृतज्ञता प्रकट गर्दछु भने यस शोधप्रबन्धको लेखनका सन्दर्भमा विविध किसिमले सहयोग पुऱ्याउने मेरा पति प्रा.डा. कृष्णहरि बरालज्यू प्रति म नतमस्तक छु ।

यसैगरी शोधकार्य गरिरहँदाका क्षणमा आइपरेका समस्यालाई समाधान गर्न र लेखनकार्यलाई अगाडि बढाउन महत्त्वपूर्ण निर्देशनात्मक योगदान गर्नुहुने मेरा आदरणीय गुरुहरू प्रा.डा. शम्भुप्रसाद खनालप्रति पनि म हार्दिक आभार प्रकट गर्दछु । उहाँले दिनु भएको प्राज्ञिक निर्देशन र सुझावबाट पनि म प्रशस्त लाभान्वित भएकी छु ।

यस शोधप्रबन्धको निर्माणका सिलसिलामा आवश्यक सहयोग र सल्लाह प्रदान गर्नुहुने आदरणीय श्री किशोर गौतम,मीनापाण्डे,शान्ता मानवी, प्रा.डा. दिदी समिरा लुइँटेल रसहकर्मी मित्रहरू प्रतिमा पाठक, सलोनी प्रधान, सविता

पाठक गौतम, मित्र हरेरामजी, डा. नेत्र एटम, डा. विन्दु शर्मा र भाइ होम भट्टराईप्रति पनि आभार प्रकट गर्दछु । त्यस्तै, शोधप्रबन्ध तयार गर्ने कार्यमा सहयोग पुऱ्याउने हुने मेरा छोरीहरू स्मृति बराल लुइँटेल, स्वीकृति बराल गैरे, स्वप्निल बराल, ज्वाइँ रविन्द्र किशोर लुइँटेल, सुरेश गैरे र बुहारी आस्था दाहाल बराललाई पनि म धन्यवाद नदिई रहन सक्दिन ।

यसैगरी शोधप्रबन्धलाई रातादिन खटेर यथासम्भव शुद्धताका साथ कम्प्युटर टङ्कण गरी सहयोग गर्नुहुने पर्फेक्ट कम्प्युटर, टि.यु. गेटका श्री कुशु घलेलाई म विशेष धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा, म यस शोधप्रबन्धको आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डिन कार्यालयको अनुसन्धान समितिसमक्ष प्रस्तुत गर्दछु ।

मिति : २०७४/९/१५ **– सुषमा बाँस्कोटा बराल**

# शोधसार

प्रस्तुत शोधप्रबन्धको शीर्षक “महिलाआन्दोलन र नेपालको कानुनमा महिलाअधिकार” रहेको छ । यस शोधकार्यअन्तर्गत विश्वका महिलाले अधिकारका लागि गर्नुपरेको सङ्घर्ष, नेपाली महिलाले गरेको सङ्घर्ष, नेपालको कानुनमा महिलाअधिकार सम्बन्धमा गरिएका व्यवस्थाहरू, समान अधिकारका लागि सर्वोच्च अदालतले गरेका आदेशहरू र सरकारले महिलाअधिकारका लागि अपनाएका नीतिहरूको अध्ययन गरिएको छ । यस शोधप्रबन्धले दोस्रो दर्जाका नागरिकका रूपमा रहेका महिलाहरूले कसरी सङ्घर्ष गरेर के-कस्तो अधिकार प्राप्त गर्न सफल भए भन्ने विषयको पनि व्याख्या गरेको छ ।

यस शोधप्रबन्धको अध्ययनबाट आज विकसित मानिएका राज्यका महिलाहरू पनि पहिले पीडित र दोस्रो दर्जाका रूपमा नै रहेका रहेछन् भन्ने बुझिन्छ । अमेरिकाकी अधिकारकर्मी सुसन बि एन्थोनीले ई. १९६० मा पुग्दा समेत पाइन्ट लाएर न्यूयोर्क सडकमा हिँड्दा मानिसहरूले ढुङ्गाले हानेका कारण प्रहरीहरूले स्कर्टिङ गरेर सुरक्षा दिनुपरेको उदाहरणले यस समयका महिलाको अवस्थालाई स्पष्ट पार्छ । पढ्नका लागि, लाउनका लागि राजनैतिक रूपमा सहभागिता जनाउनका लागि समेत यी सातै देशका महिलाहरूले सङ्घर्ष गर्नुपरेको पाइनुले महिलाहरूको अवस्था त्यस समयमा त्यहाँ दयनीय रहेको र अधिकारका लागि पटकपटक आन्दोलन गर्नुपरेको स्पष्ट हुन्छ ।

संयुक्त राष्ट्रसङ्घले महिलाअधिकारका लागि के-कस्ता प्रयासहरू गऱ्यो र नेपालमा यसको के-कस्तो प्रभाव पऱ्यो भन्ने विषयको चर्चा पनि यसमा गरिएको छ । सन् १९४५ मा स्थापना भएको संयुक्त राष्ट्रसङ्घले स्थापनाको प्रारम्भसँगै महिलाका सम्बन्धमा सम्बोधन गर्न लागेको भए पनि प्रारम्भमा वि.सं. २०१२ अथार्त् ई. १९५६ मा मात्र नेपाल संयुक्त राष्ट्रसङ्घको सदस्य भएका कारण यसले त्यो फाइदा उठाउन पाएन । २०१७ सालमा पञ्चायती व्यवस्था आएपछि छिटफुट रूपमा सन्धि

सम्झौताहरूमा नेपालले हस्ताक्षर गर्न त गऱ्यो तर उक्त कुरालाई कार्यान्वयनमा भने ल्याएन । ई. १९७९ मा **महिला विरुद्धका सम्पूर्ण भेदभाव अन्त्य गर्ने महासन्धि**, १९७९ मा हस्ताक्षर गर्न भने देशमा पुनः प्रजातन्त्र आउनु पऱ्यो । यो सन्धि आएको १२ वर्ष पछि ई. १९९१ अर्थात् २०४८ सालमा नेपालले मात्र हस्ताक्षर त गऱ्यो तर मुलुकी ऐनमा छैटौं संशोधन भने २०३६ सालमा नै गरिएको थियो । यस संशोधनले महिलालाई केही अधिकार थप गरेको पाइनुले यसैको प्रभाव परेको रहेछ भन्ने बुझ्न चाहिँ सकिन्छ । त्यस्तै पुनः प्रजातन्त्र आएपछि आएको संविधान **नेपाल अधिराज्यको संविधान**, २०४७ ले समानताको धाराअन्तर्गत महिला पुरुष समान छन् भनेपछि पनि समान व्यवहार नगरेपछि यही **नेपाल अधिराज्यको संविधान**, २०४७ र **महिला विरुद्धका सम्पूर्ण भेदभाव अन्त्य गर्ने महासन्धि**, १९७९ लाई आधार मानेर सर्वोच्चमा रिटहरू दर्ता गरिएको र ती रिटहरूमा आदेश गरेकै आधारमा **मुलुकी ऐन**, २०२० मा महिलाअधिकारका लागि क्रान्तिकारी संशोधन मानिने एघारौँ संशोधन गरिएको थियो । यसपछि पनि सर्वोच्च अदालतले यो महासन्धिलाई आधार मानेर धेरै असमान कानुनहरू बदर गरेको छ भने समानता कायम गर्न नीति बनाउनु भन्ने आदेश पनि जारी गरेको छ । यतिमात्र होइन यस CEDAW महासन्धिमा हस्ताक्षर गरेपछि सम्पन्न चौथो बेजिङ सम्मेलनका अवसरमा सरकारले बेजिङ तयारी समितिको गठन गरेको थियो भने बेजिङ सम्मेलनपछि त्यहाँ उठेका १२ वटा बुँदामा आधारित भएर १२ वटा नै उपसमिति गठन गरेर महिला मन्त्रालयले नीतिगत अध्ययन समेत गरेको थियो । नीति निर्माण तहमा महिलालाई पुऱ्याउने, राष्ट्रपति र उपराष्ट्रपतिमा एक जना महिला रहनुपर्ने लगायतका व्यवस्थाहरू पनि यही महासन्धिमा हस्ताक्षर गरेकै कारणले भएका छन् भन्न सकिन्छ । सविधानमा यस्तो प्रावधान उल्लेख गरिसकेर पनि व्यवहारमा महिलालाई सहभागी गराउन सरकारले आनाकानी गरेको सन्दर्भ अझ दुःखदायी छ । अतः कार्यान्वयन तहमा केही कमजोरी देखिए पनि अन्तर्राष्ट्रिय क्षेत्रको प्रभाव नेपालमा परेको छ भन्ने निष्कर्ष चाहिँ सजिलै निकाल्न सकिन्छ ।

नेपाली महिलाहरूले अधिकार प्राप्तिका लागि २०७४ सालदेखि २०६३ सालसम्म गरेका सङ्घर्ष तथा आन्दोलनहरूको चर्चा यसमा गरिएको छ । २०४७ सालभन्दा अगाडिसम्म छिटफुट रूपमा अधिकारका लागि आन्दोलन भएकामा यसपछि भने CEDAW, १९७९ लाई आधार मान्दै असमान कानुन बदर गराउन, प्रजनन् अधिकार स्थापित गर्न, सम्पतिको अधिकार लिन, राजनैतिक सहभागितामा पहुँच बढाउन, नीति निर्माण तहमा पुग्न र कुप्रथा कुप्रचलनको अन्त गर्न महिलाहरूले सशक्त रूपमा आन्दोलन तथा सङ्घर्ष गरेको पाइन्छ । पुरुषहरूले नै सङ्गठन गर्न नसकेको बेलामा पनि नेपाली महिलाले महिलासँग सम्बन्धित सङ्घ संस्था खोलेका थिए । राणा सरकारले सबैलाई तर्साएको बेलामा सतीप्रथा जस्तो महिलाअधिकार हननको पराकाष्ठा रोक्न महिलाले नै श्री ३ चन्द्र शमसेरलाई पत्र लेखेकी थिइन् । अन्यायको पराकाष्ठामा छ र मुखमा कानुन बोकेर हिँड्ने जुद्ध शमसेरसँग धर्मराज्यको माग गर्ने आँट महिलाले नै गरेकी थिइन् । आफ्नो माग पूरा नहुँदा आफ्ना समूहसहित जलसमाधी लिने आन्दोलनको नेतृत्व पनि महिलाबाट भएको थियो । त्यस्तै, विश्वका महिलाहरूले मताधिकारका लागि ठूलो सङ्घर्ष गर्नु परेकामा नेपालका महिलाहरूले पद्म शमसेरसँग मताधिकार माग्न महिलाकै नेतृत्वमा महिलाहरूकै टोली गएको थियो । यसरी हेर्दा नेपाली महिलाहरू कुनै पनि कुरामा कमजोर थिएनन् र छैनन् भन्ने निष्कर्ष निस्कछ ।

प्रजातन्त्र प्राप्तिपछि महिलाहरूलाई अधिकार प्रदान गर्न सरररकारले पनि केही नीतिहरू अवलम्बन गरेको पाइन्छ । सरकारले बेलाबेलामा साक्षरता बढाउन, जनचेतना जगाउन, आय आर्जन गराउन भनेर कार्यक्रमहरू ल्याउने नीतिहरू बनाउने गरेको देखिन्छ तर ती नीतिहरू मनैदेखि सोचेर नभई महिलाका लागि यति गरेका छौँ भन्ने देखाउन बनाए जस्तो पनि पनि लाग्छ । सर्वोच्चले नीति बनाऊ भनेर आदेश दिइसकेका कतिपय विषयमा नीति बनाउने कार्य नभएको र ऐन-कानुन र नीतिहरूले बोलिसकेको प्रावधान पनि कार्यान्वयन हुन नसकेको उदाहरणले सो कुराको पुष्टि गरेको छ । त्यसैले यस शोधप्रबन्धले देखासिकीका भरमा कार्य नगरी पुरुषले

मनैदेखि महिला पनि आफूसरह हुन् भन्ने सोच बनाउनु पर्ने निष्कर्ष पनि निकालेको छ ।

सर्वोच्च अदालतले महिलाहरूलाई अधिकार दिने सम्बन्धमा केही आदेश तथा निर्णयहरू गरेको छ । आज महिलाहरूले पाएको पैतृक सम्पत्तिमा समान अधिकार सर्वोच्च अदालतकै आदेशको परिणाम हो । त्यस्तै, असमान कानुन बदर गर्न आज एउटै मार्ग सर्वोच्च अदालत भएको छ । जन्मिने बित्तिक्कै छोरा अंशको अधिकारी बन्ने तर छोरी नबन्ने अवस्थाको अन्त गर्ने, वैवाहिक बलात्कारबाट मुक्ति दिने, आफ्नो गर्भको बच्चा जन्माउने वा नजन्माउने महिलामै सुम्पने, कुमारी प्रथाका कारण पढ्न नपाउने परिपटीको अन्त गर्ने जस्ता कार्यहरू सर्वोच्चको आदेशबाट भएको छ । यस्तो हुँदा पनि यस्ता धेरै महिला हकहितका आदेशहरू आज कार्यान्वयनमा आउन सकेका छैनन् भन्ने कुरा प्रतिवेदनले देखाएको छ ।

समग्रमा भन्दा अधिकारप्राप्तिका लागि अन्य मुलुकका महिलाहरूले जस्तै नेपाली महिलाहरूले पनि आन्दोलन गर्नु परेको छ र यहीँ आन्दोलनको परिणामश्वरूप केही अधिकार पाउन सफल भएका छन् । यद्यपि पुरुषहरूकै बराबर अधिकार पाउन भने उनीहरूले अझै धेरै कार्य गर्नुपर्ने देखिन्छ ।

# विषयसूची


*पृष्ठ*

शोधप्रबन्धको सिफारिस पत्र (क)
अनुमोदन पत्र (ख)
प्रतिबद्धता पत्र (ग)
कृतज्ञता-ज्ञापन (घ)
शोधसार (च)
विषयसूची (झ)
परिशिष्टाङ्क (ड)
सङ्क्षीप्तीकृत शब्दसूची (ढ)

**पहिलो परिच्छेद**
**शोधपरिचय**

१.१ सामान्य परिचय १
१.२ समस्याकथन ४
१.३ अध्ययनको उद्देश्य ५
१.४ अध्ययनको सीमा ६
१.५ अध्ययनको औचित्य र महत्त्व ७
१.६ शोधविधि ७
१.६.१ सामग्री सङ्कलन ९
१.६.२ सामग्रीको छनोट १०
१.६.३ खुला प्रश्नोत्तर विधि ११
१.७ शोधप्रबन्धको रूपरेखा १२

**दोस्रो परिच्छेद**
**पूर्वकार्यको समीक्षा**

२.१ परिचय १४
२.१.१ शोधप्रबन्धहरू १४
२.१.२ पुस्तकहरू १९
२.१.३ प्रतिवेदनहरू ३१
२.१.४ पत्रिकाहरू ३३
२.१.५ दैनिक तथा साप्ताहिक पत्रिकाहरू ४३
२.२ निष्कर्ष ४४

**तेस्रो परिच्छेद**
**अन्तर्राष्ट्रिय क्षेत्रमा भएका महिलाआन्दोलन र नेपालमा यसको प्रभाव**

३.१ परिचय ४६
३.२ विश्वका केही राष्ट्रमा भएका महिलाआन्दोलनहरू ४६
३.२.१ संयुक्त राज्य अमेरिका ४६
३.२.२ संयुक्त अधिराज्य ५८
३.२.३ जर्मनी ६५
३.२.४ जापान ६८
३.२.५ फ्रान्स ७२

| | | |
|---|---|---|
| | ३.२.६ भारत | ७४ |
| | ३.२.७ चीन | ७६ |
| ३.३ | नारीवाद | ७९ |
| | ३.३.१ नारीवादका धारहरू | ८३ |
| | ३.३.२ नारीवादी सिद्धान्तहरू | ८९ |
| ३.४ | अन्तर्राष्ट्रिय क्षेत्रमा भएका महिलाआन्दालनको नेपालमा प्रभाव | ९४ |
| ३.५ | निष्कर्ष | ९५ |


**चौथो परिच्छेद**

**संयुक्त राष्ट्रसङ्घले महिलाअधिकारका लागि गरेका प्रयासहरू र यसले नेपालको आन्दोलनमा पारेको प्रभाव**


| | | |
|---|---|---|
| ४.१ | परिचय | ९६ |
| ४.२ | संयुक्त राष्ट्रसङ्घ र महिलाअधिकार | ९६ |
| ४.३ | संयुक्त राष्ट्रसङ्घले महिलाअधिकारका लागि गरेका प्रयासहरू | १०० |
| | ४.३.१ अन्तर्राष्ट्रिय नारी वर्ष, १९७५ | १०० |
| | ४.३.२ प्रथम विश्व महिलासम्मेलन, १९७५ | १०१ |
| | ४.३.३ महिला दशक (१९७६ देखि १९८५ सम्म) | १०२ |
| | ४.३.४ दोस्रो विश्व महिलासम्मेलन, १९८० | १०२ |
| | ४.३.५ तेस्रो विश्व महिलासम्मेलन, १९८५ | १०३ |
| | ४.३.६ चौथो विश्व महिलासम्मेलन, १९९५ र नेपाल | १०४ |
| ४.४ | महिलाको अधिकार स्थापित गर्न नेपालले अनुमोदन गरेका केही अन्तर्राष्ट्रिय सन्धि र महासन्धिमा भएका व्यवस्थाहरू | १०९ |
| | ४.४.१ मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ | १०९ |
| | ४.४.२ नागरिक तथा राजनीतिक अधिकार विषयक संयुक्त राष्ट्रसङ्घीय अनुबन्ध, १९६६ | १०९ |
| | ४.४.३ महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि, १९७९ | १११ |
| ४.५ | अन्तर्राष्ट्रिय महिलाआन्दोलनले नेपालमा पारेको प्रभाव | ११४ |
| | ४.५.१ पहिलो चरण | ११५ |
| | ४.५.२ दोस्रो चरण | ११८ |
| | ४.५.३ तेस्रो चरण | १२२ |
| ४.६ | निष्कर्ष | १२३ |


**पाँचौं परिच्छेद**

**नेपालमा भएका महिलाआन्दोलनहरू**


| | | |
|---|---|---|
| ५.१ | परिचय | १२४ |
| ५.२ | १९७३ साल पूर्व रानीमहारानीहरूद्वारा शक्ति प्राप्त गर्न गरिएका सङ्घर्षहरू | १२४ |
| | ५.२.१ लिच्छविकालीन रानीहरूको सङ्घर्ष | १२५ |
| | ५.२.२ मल्लकालका रानीहरूको सङ्घर्ष | १२६ |

५.२.३ शाहकालका रानीहरूको सङ्घर्ष १२८
५.३ १९७४ देखि २०१७ सालसम्म भएका महिलाआन्दोलनहरू १३३
५.३.१ १९७४ देखि १९९८ सालसम्म भएका महिलाआन्दोलनहरू १३३
५.३.२ १९९९ देखि २०१७ सालसम्म महिलाहरूद्वारा गरिएका सङ्घर्षहरू १३९
५.३.३ १९७४ देखि २०१७ सालसम्ममा महिलाले प्राप्त गरेका उपलब्धिहरू १४८
५.४ २०१७ देखि २०४७ सालसम्मको अवधिमा भएका आन्दोलनहरू १५०
५.४.१ २०१७ देखि २०३६ सालसम्म भएका महिलाआन्दोलनहरू १५०
५.४.२ २०३७ देखि २०४७ सालसम्म भएका महिलाआन्दोलन १५९
५.४.३ आन्दोलनको उपलब्धि १६६
५.५ २०४८ देखि २०६३ सालसम्म भएका महिलाआन्दोलनहरू १६७
५.५.१ २०४८देखि २०६२ सालसम्म प्रजातान्त्रिक वातावरणमा गरिएका प्रयासहरू १६७
५.५.२ माओवादी सशस्त्र जनयुद्ध (वि.सं.२०५२-२०६२) र महिला आन्दोलन १९२
५.५.३ संसदवादी र माओवादीबाट भएको संयुक्त जनयुद्ध-२, २०६२ २००
५.६ निष्कर्ष २०६

**छैटौँ परिच्छेद**

**नेपालको कानुनमा महिलाअधिकार**

६.१ परिचय २०८
६.२ लिखित कानुन बन्नुभन्दा अगाडि विद्यमान महिलासम्बन्धी व्यवस्थाहरू २०९
६.२.१ वैदिक कालमा महिलासम्बन्धी व्यवस्था २१०
६.२.२ स्मृतिहरूले महिलाका सम्बन्धमा गरेका व्यवस्थाहरू २१३
६.२.३ किरात, लिच्छवि र मल्लकालको कानुनी व्यवस्था २१४
६.२.४ पृथ्वीनारायण शाहपूर्वको शाहकालमा भएका महिलासम्बन्धी व्यवस्थाहरू २१६
६.२.५ राजा पृथ्वीनारायण शाहको दिव्योपदेशमा गरिएका महिलासम्बन्धी व्यवस्थाहरू २१७
६.३ मुलुकी ऐन, १९१० र महिलासम्बन्धी व्यवस्थाहरू २१८
६.३.१ सती प्रथासम्बन्धी व्यवस्था २१९
६.३.२ सम्पत्तिसम्बन्धी व्यवस्था २२०
६.३.३ महिलाहरूलाई सजायँमा छुट गर्ने व्यवस्था २२१
६.३.४ विवाह गर्ने कन्याको उमेरसम्बन्धी व्यवस्था २२१
६.३.५ आइमाईलाई तीर्थयात्रासम्बन्धी व्यवस्था २२२
६.४ २००४ देखि २०१७ सालसम्मका महिलासम्बन्धी कानुनी व्यवस्थाहरू र सरकारले गरेका नीतिगत व्यवस्थाहरू २२२
६.४.१ २००४ देखि २०१७ सालसम्मका महिलाका सम्बन्धमा गरिएका कानुनी व्यवस्थाहरू २२२
६.४.२ २००४ देखि २०१७ सालसम्म गरिएका महिलासम्बन्धी नीतिगत व्यवस्थाहरू २२५

६.५ पञ्चायती सरकारको समय (वि.सं. २०१७-२०४६) मा महिलाअधिकारका दृष्टिले बनेका कानुनहरू र नीतिगत व्यवस्थाहरू २२६
६.५.१ पञ्चायती सरकारका समयमा जारी गरिएका कानुनमा महिलाअधिकार २२६
६.५.२ पञ्चायतकालमा महिला उत्थानका लागि गरिएका नीतिगत व्यवस्थाहरू २३५
६.६ २०४७ देखि २०५८ सम्मका कानुनहरूमा व्यवस्था गरिएका महिलाअधिकारसम्बन्धी व्यवस्था र राज्यले अपनाएका नीतिहरू २४१
६.६.१ २०४७देखि २०५८ सालसम्मका कानुनहरूमा गरिएका महिलाअधिकारसम्बन्धी व्यवस्थाहरू २४१
६.६.२ २०४७देखि २०५८ सालसम्म गरिएका महिला उत्थानसम्बन्धी नीतिगत व्यवस्थाहरू २५६
६.७ **नयाँ मुलुकी ऐन**, २०२० मा एघारौँ संशोधन भएपछि २०६३ सालसम्म बनेका महिलाअधिकारसम्बन्धी कानुनहरू र राज्यले अपनाएका नीतिगत व्यवस्थाहरू २७५
६.७.१ वि.सं. २०५८ पछि जारी गरिएका ऐनहरूमा महिलाअधिकार २७५
६.७.२ वि.सं. २०५८ मा भएको नयाँ मुलुकी ऐनको एघारौँ संशोधनपछि राज्यले अपनाएका नीतिहरू २८४
६.८ निष्कर्ष २८४

## सातौँ परिच्छेद
## सर्वोच्च अदालतबाट प्रतिपादित महिलाअधिकारसम्बन्धी नजिरहरू

७.१ परिचय २८६
७.२ महिलाअधिकारका सम्बन्धमा सर्वोच्च अदालतले गरेका आदेशहरू २८६
७.२.१ महिलाअधिकारका सम्बन्धमा **नयाँ मुलुकी ऐन**, २०२० मा एघारौँ संशोधन गर्नुपूर्व दर्ता गरिएका रिटहरूमा भएका सर्वोच्च अदालतका आदेशहरू २८९
७.२.२ **नयाँ मुलुकी ऐन**, २०२० मा एघारौँ संशोधन गरिएपछि दर्ता गरिएका रिटहरू र सर्वोच्चका महिलामैत्री आदेशहरू २९४
७.२.३ सर्वोच्च अदालतले नीतिगत व्यवस्थाका लागि जारी गरेका आदेशहरू ३११
७.२.४ महिलाअधिकारका सम्बन्धमा सर्वोच्च अदालतबाट भएका आदेशहरूको कार्यान्वयनको अवस्था ३१५
७.२.५ कार्यान्वयनमा कठिनाइ देखिएका सर्वोच्चका आदेशहरू ३१७
७.२.६ २०६३ सालपछि आदेश गरिएका केही रिटहरू ३२०
७.३ निष्कर्ष ३२१

## आठौँ परिच्छेद
## सारांश, निष्कर्ष तथा सुझाव

८.१ सारांश ३२४
८.२ निष्कर्ष ३३३
८.३ सुझाव ३३८

## परिशिष्टाङ्क


| | | |
|---|---|---|
| परिशिष्ट १ : | समाजसेवी तथा राजनीतिज्ञ किशोर गौतमसँग लिएको अन्तर्वार्ता | ३४० |
| परिशिष्ट २ : | एकीकृत मार्क्सवादी लेनिनवादी पार्टीकी नेत्री शान्ता मानवीसँग लिएको अन्तर्वार्ता | ३४४ |
| परिशिष्ट ३ : | नेपाली कांग्रेसकी नेत्री मीना पाण्डेसँग लिएको अन्तर्वार्ता | ३४८ |
| परिशिष्ट ४ : | जलसमाधि लिने महिला तथा पुरुषहरूको नामावली | ३५२ |
| परिशिष्ट ५ : | महिलाअधिकारका सम्बन्धमा गरिएको सर्वदलीय घोषणापत्र | ३५४ |
| परिशिष्ट ६ : | तात्कालीन राजा ज्ञानेन्द्र वीरविक्रम शाहदेवको संसद पुनर्स्थापना गर्ने घोषणापत्रहरू | ३५५ |
| परिशिष्ट ७ : | २०४६ सालको जनआन्दोलनका सन्दर्भमा नेपाली कांग्रेस र संयुक्त वाममोर्चाद्वारा जारी गरिएको संयुक्त आव्हानपत्र | ३५७ |
| परिशिष्ट ८ : | सात राजनीतिक दल र नेपाल कम्युनिस्ट पार्टी (माओवादी) बिच भएको बाह्र बुँदे समझदारीपत्र | ३५९ |
| परिशिष्ट ९ : | कानुन व्यवसायी महिला शान्तिदेवी थापा क्षेत्राणीले प्राप्त गरेको प्रमाणपत्र | ३६५ |
| परिशिष्ट १० : | बेजिङ कार्यमञ्च राष्ट्रिय अनुगमन समितिअन्तर्गत गठित उप-समितिहरू | ३६६ |
| परिशिष्ट ११ : | महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि, १९७९ | ३७१ |

सन्दर्भग्रन्थ-सूची ३७५

# सङ्क्षीप्तीकृत शब्दसूची

| | |
|---|---|
| अ.ने.म. सङ्घ | अखिल नेपाल महिला सङ्घ |
| अनु. | अनुवाद |
| आई.सि.जे. | इन्टरनेसनल कमिसन अफ जुरिस्ट |
| ई.पू. | ईशापूर्व |
| ई.सं. | इश्वी सम्बत् |
| एम.ए. | मास्टर अफ आर्टस् |
| क्र.सं. | क्रम सङ्ख्या |
| का.जि.अ. | काठमाडौँ जिल्ला अदालत |
| गा.वि.स. | गाउँ विकास समिति |
| चौ.सं. | चौथो संस्करण |
| छै.सं. | छैटौँ संस्करण |
| डा. | डाक्टर |
| डी.डी.एन. | डेमोक्रेटिक डभलेपमेन्ट इन नेपाल |
| तमलोपा | तराई मधेशवादी लोकतान्त्रिक पार्टी |
| तृ.सं. | तृतीय संस्करण |
| ते.सं. | तेस्रो संस्करण |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| दो.सं. | दोस्रो संस्करण |
| नि.नं. | निर्णय नम्बर |
| ने.का.प. | नेपाल कानुन पत्रिका |
| ने.बा.ए. | नेपाल बार एसोसियसन |
| ने.भा.प्र.स. | नेपाली भाषा प्रकाशिनी समिति |
| ने.म.कि.पा. | नेपाल मजदुर किसान पार्टी |
| नं. | नम्बर |
| पा.सं. | पाचौँ संस्करण |
| पृ. | पृष्ठ |
| प्र. | प्रकाशन |

| | |
|---|---|
| प्र.सं. | प्रथम संस्करण |
| प्रा. | प्राध्यापक |
| प्रा.डा. | प्राध्यापक डाक्टर |
| प्रा.लि. | प्राइभेट लिमिटेड |
| पृ. | पृष्ठ |
| बा.सं. | बाह्रौं संस्करण |
| बी.ए. | ब्याचलर अफ आर्टस् |
| बी.एल्. | ब्याचलर अफ ल |
| वि.सं. | विक्रम सम्बत् |
| मा.न्या. | महान्यायाधीश |
| रा.प्र.पा. | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| रो.नं. | रोल नम्बर |
| रु. | रुपैयाँ |
| लेसि | लेटर पढ्न जान्ने सिपाही |
| सम्पा. | सम्पादक |
| सी.बी.ए. | क्यानेडियन बार एसोसियसन |
| सिड | कन्भेन्सन अन इलिमिनेसन अफ अल फर्म्स अफ डिस्क्रिमिनेसन अगेन्स्ट ओमेन |
| सं. | संस्करण |
| … | केही अंश छाडिएको |
| f.n. | footnote no |
| No. | Number |
| p. | page |